# मधुवन नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७६

नगरकार्यपालिकाबाट स्विकृत मिति : २०७६।०३।१२

## प्रस्तावना

मधुवन नगरपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको मधुवन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली,२०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मधुवन नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम“ मधुवन नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७६” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषण :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कायविधि”भन्नाले मधुवन नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७६ लाई सम्झनु पर्छ ।

(ख)“नगरपालिका”भन्नाले मधुवन नगरपालिकाको कार्यालय, बर्दियालाई सम्झनुपर्छ ।

(ग)“अनुगमन” भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी नगरकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरु द्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ)“मुल्याङ्कन”भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) “अनुगमन मूल्यांकन समिति”भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।

## परिच्छेद – २

## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति :** (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) नगरपालिकाको उप प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) पुर्वाधार बिकास शाखाका प्रमुख ईन्जिनियर - सदस्य
(घ) योजना तथा अनुगमन उपशाखाको प्रमुख - सदस्य-सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि नगर प्रमुख स्वमः वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) नगरपालिका वा वडा स्तरबाट संचालित रु. ५ लाख भन्दा बढिका योजनाहरुको हकमा योजनाको सार्वजानिक परिक्षण गर्दा नगरपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिनेछ ।

(३) वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन मुल्याङ्कन वडा समितिबाट पनि निरन्तर रुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत नगर स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।
(४) वडा स्तरीय योजनाको अनुगमन सुपवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**
(१)दफा ३ को उपदफा (१) वमोजिम गठित नगरपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।
(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।
(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु एचित ढंगले व्यवस्थापन गर्ने ।
(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश पेश गर्ने
(ङ) नगर सभा, नगर कार्यपालिका तथा नगर प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।
(च)अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

**५.आयोजनाको प्रभावमूल्याङ्न:** (१) रु. पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गराउनु पर्नेछ ।

(२)नगरपालिका वा वडा स्तरीय योजनाहरु मध्ये रु. २ लाख भन्दा कमलागतका योजनाहरुको हकमा वडा समितिबाटै गरिएको अनुगमन मुल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधारमा रकम भुक्तानीका लागी सिफारिस गर्नेछ ।

(३) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा नगर स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद–३
## अनुगमन तथा मुल्याङ्कन सुविधा

**६.अनुगमन तथा मुल्याङ्कन सुविधा :**

(१)दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधाप्राप्त गर्नेछन् ।

(क) अनुगमन प्रतिदिन रु. १०००।००

## परिच्छेद – ४
## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**७.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :** दफा ३ को उपदफा(१)बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि–१ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

**८. प्रतिवेदनपेश गर्ने अवधि :**(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुचि १ बमोजिमको प्रतिवेदन नगर कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ५
## विविध

**९.बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधि कार्यान्वयनको सर्न्दभमा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

अनुसुचि १
परिच्छेद ४ को दफा ७ संग संबन्धित
मधुवन नगरपालिका
बर्दिया

**<u>योजना अनुगमन समितिको प्रतिवेदन</u>**

श्री नगर प्रमुख ज्यू
मधुवन नगरपालिका
बर्दिया

मितिः-.....................

ठाकुरबाबा नगरपालिका को नगर सभाले आ.व.......... मा संचालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना संचालन पश्चातनगर स्तरीय/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन

१. योजनाको नामः-.........................
२. योजना संचालन भएको स्थान/ः-....................................
३. विनियोजित रकमः-.................. जनश्रमदान.........................कुल लागतः.....................
४. सम्झौता मितिः........................ सम्पन्नर गर्नुपर्ने मितिः................ सम्पन्न. भएको मिति................

**५. अनुगमनका क्रममा देखिएका कुराहरुः–**

| क सं | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४. | आयोजना सूचना पाटि (सबैले देख्रेय ठाउँमा) | | | |

**६. आयोजना संचालनमा देखिएका समस्याहरुः-**

१..................................................
२.........................................................

**७. अनुगमन समितिको सुझावहरु**

१..............................................................
२..............................................................

...............................................
**उपभोक्ता समिति अध्यक्ष/पदाधिकारिको दस्तखत**
**नामः.......................**

**८. अनुगमन समितिको निष्कर्षः**

.........................................................................................................

**९. अनुगमनमा संलग्न. पदाधिकारीहरु**

| क सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**आमन्त्रित :**

| क सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | | | |
| २ | | | | |
| ३ | | | | |

आज्ञाले
गोपालराज तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत